# स्थानीय राजपत्र

खण्ड : ६, संख्या २, दि.सि.न.पा. डोटी, स्थानीय राजपत्र भाग २ मिति २०७९।०३।२७

## दिपायल सिलगढी नगरपालिका, डोटी

**दिपायल सिलगढी नगरपालिका,**

**टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९**

नगर कार्यपालिकावाट स्वीकृती मिति : २०७९।०३।२५
प्रमाणिकरण मिति : २०७९।०३।२६

प्रस्तावना: स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक,सामाजिक,साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्ने निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

"**प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४** को दफा (४)(१)" बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१)यो कार्यविधिको नाम "टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि,२०७९" रहेको छ।

(२)यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क)"कार्यालय" भन्नाले दिपायल सिलगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ख) "टोल विकास संस्था" भन्नाले टोल बस्तिको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका प्रतिनिधिहरुको उपसस्थितिमा विकास निर्माण, सेवा प्रवाह र समाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनुपर्छ ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्छ ।

(ङ) "वडा" भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्छ।

(च) "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनुपर्छ ।

(छ)"समिति" भन्नाले संस्थाको कार्यसमिति सम्झनु पर्छ ।

(ज) "साधारणसभा" भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनु पर्छ।

(झ)"संस्था" भन्नाले टोल विकास संस्थालाई सम्झनुपर्छ ।

## परिच्छेद- २

### संस्थाको गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था

३. संस्थाको गठन: (१) नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा टोल तथा बस्तीका वासिन्दाको आमभेलाबाट टोल तथा बस्ती भित्रका घरधुरी समावेश हुने गरी टोल विकास संस्थाको गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने टोल विकास संस्थाको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहनेछन:-

(क)अध्यक्ष एक जना

(ख)उपाध्यक्ष एक जना

(ग) कोषाध्यक्ष एक जना

(घ) सचिव एक जना

(ङ) सदस्यहरु (तीन देखि सात जना सम्म)

(३) उपदफा (२) बमोजिम संस्था गठन गर्दा टोल तथा बस्ती भित्रका एक घरधुरीबाट एकजना भन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा साधारण सभा वा वडा कार्यालयले तोकेको चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा संस्थाको कार्य समिति गठन हुनेछ ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले दुई वर्षको हुनेछ ।

(६)अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन ।

(७)कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये कुनै दुइ पदमा अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(८)संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेट्नु पर्नेछ ।

(९)उपदफा ८ बमोजिम सवै घरधुरी समावेश हुन सम्भव नभएमा कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नुपर्ने छ।

(१०)यस कार्यविधि बमोजिम गठन गरिने संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनु पर्नेछ ।

(११)संस्थाको कार्यक्षेत्र साधारण सभाले तोकेको चारकिल्ला भित्र हुनेछ। साधारण सभाले टोल तथा बस्ती भित्रका कुनै घरधुरी संस्थामा समावेश गरेको नपाइएमा वा कुनै घरधुरी वा बस्ती उक्त संस्थामा समावेश गर्नु पर्ने भन्ने लागेमा वडा कार्यालयले त्यसरी छुटेको घरधुरी वा बस्ती सम्बन्धित संस्थामा समावेश गर्न लगाउनेछ।

(१२)यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्र भित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिने छ। एउटा घरधुरीवाट एक भन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउने छैन।

४. कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था:(१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्ष समक्ष राजीनामा दिएमा ।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा ।

(ग) मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ । अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५. संस्था सूचीकृत: संस्थाको सूचीकृत देहाय बमोजिम हुनेछ:-

(क)संस्थाको आमभेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी संस्था सूचीकरणका लागि वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ख)उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले संस्थाको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची २ बमोजिमको ढाँचामा संस्था सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ ।

(ग) वडा कार्यालयले दफा (क) बमोजिम प्राप्त निवेदन बमोजिम सूचीकृतको लागि प्राप्त भएको टोल विकास संस्थामा समावेश हुनुपर्ने घरधुरी वा

बस्ती छुटेको पाइएमा त्यसरी छुटेको घरधुरी वा बस्ती समेत समावेश गरी सूचीकरणको लागि पुन: पेश गर्न निर्देशन दिन सक्नेछ।

(घ) वडा कार्यालयले यस दफा बमोजिम संस्था सूचीकृत गरेको विवरण मासिक रुपमा कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

**<u>परिच्छेद-३</u>**

<u>संस्थाको काम कर्तव्य,अधिकारहरु</u>

६. <u>टोल विकास संस्थाका कार्यहरु</u>: (१)टोल विकास संस्थका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

(ख)सामुदायिक सद्भाव, सहिष्णुता र भाइचाराको विकास गर्ने ।

(ग) टोलमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

(घ) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने।

(च) टोलमा विपद् व्यवस्थापन सम्वन्धी खोज, उद्धार राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ)टोलको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/ गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ)सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुर्‍याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर,दस्तुर, सेवाशुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) टोलमा बसोबास गर्ने गरिव, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) टोलमा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म,बिबाह,बसाई सराई,सम्वन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि टोलबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत् चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिबृद्धि गर्ने।

(द) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) स्थानीय आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी स्थानीय तह, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि टोल बासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैङ्गिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने।

(प) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) नगरपालिका द्वारा सन्चालीत अभियान लगायत घरेलु हिंसा, यौनजन्य हिंसा,मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खरावीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने।

(म) टोलमा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र

नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने।

(र) वडा कार्यालय नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने।

(ल) टोल विकास सस्था अन्तर्गतको वस्तस्थिति विवरण सग सम्वन्धीत तथ्याक अध्यावधिक गरी राख्ने ।

**परिच्छेद-४**

## संस्थाको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७. संस्थाको कार्य समितिको बैठकः (१) संस्थाको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवस्यकता अनुसार बस्नेछ ।

(ख) समितिको बैठकमा वडा समिति तथा नगरपालिका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ ।

(घ) संस्थाको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र संस्थाका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन् ।

(३) कार्य समितिको बैठक संस्थाको कार्यालयमा बस्नेछ । संस्थाको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

८. संस्थाका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः- संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।

(ख) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

(ङ) संस्थाका निर्णयहरु लागू गर्ने, गराउने।

(च) संस्थाले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार:

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने।

(३) सचिवको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) संस्थाको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) संस्थाको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने ।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

(ग) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम,कर्तव्य र अधिकार

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने । समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(ङ) संस्थाको वचत परिचालन वडामा उपभोक्ता समिति गठन र विकास निर्माणका कार्यको सरक्षण तथा सम्वर्धनमा सहयोग गर्ने ।

**<u>परिच्छेद-५</u>**

<u>आर्थिक व्यवस्थापन</u>

९. <u>टोल बिकास संस्थाको आम्दानी</u>:(१) संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछः

(क) नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

(घ) नगरपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघसंस्था सँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम।

(ङ) संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) संस्थाको नाममा प्राप्त हुने सबै रकम संस्थाको नाममा रहेको वैंक खातामा जम्मा गर्नु पर्नेछ।

१०. <u>टोल बिकास संस्थाको खर्च</u>: संस्थाको खर्च देहाय बमोजिम हुनेछः

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

(ख) संस्थाको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

११. संस्थाको लेखा, प्रतिवेदन तथा अन्यः

(१) संस्थाको खाता वडा कार्यालयको सिफारिसमा नगर कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता कम्तीमा एक जना महिला हुने गरी संस्थाका अध्यक्ष, उपाध्यक्ष र सचिवमध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषाध्यक्षले संस्थाको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताव चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र टोल भेलामा पेश गर्नु पर्नेछ ।

(६) संस्थाले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा र सम्बन्धित वडा कार्यालय र नगरकार्यपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) नगरपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार संस्थाको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

१२. जिन्सी तथा वस्तुगत सहयोग लिन सक्नेः (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि टोल बिकास संस्थाले विपद् प्रभावित व्यक्तिको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) संस्थाले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नु पर्नेछ।

## परिच्छेद–६

### विविध

१३. समन्वय समितिः (१)संस्थाको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्ने हरेक वडामा देहाय टोल बिकास सँस्था समन्वय समिति रहनेछ :-

(क) वडाध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्यहरु - सदस्य

(ग) टोलविकास संस्थाका अध्यक्षहरु मध्येबाट संयोजकले तोकेका ३ जना -सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । उक्त पदावधि समाप्त भएपछि संयोजकले कार्यकाल नदोहोरिने गरी वडा भित्रका अन्य संस्थाका अध्यक्षहरु मध्येबाट तीन जना मनोनयन गर्नु पर्नेछ। साथै यसरी मनोनयन गरिने व्यक्तिहरु चयन गर्दा सामाजिक समावेशीकरणको आधारमा गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिले वडा भित्रका सबै संस्थाको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले संस्थाको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

१४ टोल बिकास सस्थाको विधान वडा भित्र गठन हुने सवै टोल बिकास सस्थाहरुले अनुसूची ३ वमोजिमको नमुना बिधान पारित गरी सस्था गठन गरी वडा कार्यालयमा अनुसूची १ वमोजिम आवेदन गरी अनुसूची २ वमोजिमको प्रमाण पत्र प्राप्त गर्नु पर्नेछ ।

१५ टोल विकास सस्थाको विधान र वचत परिचालन नियमावली अनुसुचि ३ वमोजिम रहने छ ।

१६ बाधा अडकाउ फुकाउन सक्नेः यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

१७ कार्य समिति भङ्ग गर्न सक्नेः सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून बिपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्यसमितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भङ्ग गर्न सक्नेछ । यसरी कार्यसमिति भङ्ग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नु पर्नेछ ।

१८ कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेः(१) नगर कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ ।

१९ (२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका संस्थाहरुको सम्पति तथा दायित्व नगर कार्यपालिकाको नाममा हुनेछ ।

अनुसूची-१

टोल विकास संस्थालाई वडा कार्यालयमा सूचीकृत गर्ने निवेदनको ढाचा

मितिः .....................

श्री सचिवज्यू
.........नं वडा कार्यालय
दिपायल सिलगढी नगरपालिका, डोटी ।

**विषयः टोल विकास संस्था सूचीकृत गर्ने सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं ...... स्थित ................टोल । गाउमा गठन गरिएको .............................. टोल विकास संस्थालाई ...........वडा कार्यालयमा सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस .................................. टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

संलग्नः

टोल भेलाको उपस्थिति र निर्णय।
कार्य समितिका सदस्यहरुको नाम थर।

पूर्व सिमानाः ...................................
पश्चिम सिमानाः ...............................
उत्तर सिमानाः ...............................
दक्षिण सिमानाः ..............................
हालका जम्मा घरधुरीः

निवेदक
समितिको तर्फबाट
अध्यक्षको नामः ....................
टोल विकास संस्थाको नामः.............
ठेगानाः..........................

अनुसूची २

दिपायल सिलगढी नगरपालिका

..............नं वडा कार्यालय

**टोल विकास संस्था सूचीकृत प्रमाण-पत्र**

दिपायल सिलगढी नगरपालिका वडा नं. .............. स्थित ..........................टोल । गाउमा गठन भएको ....................................................टोल विकास संस्थालाई यस कार्यालयमा मिति................. मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सकृय सहभागिताको अपेक्षा गर्दछु ।

..........................

वडा अध्यक्ष

अनुसूची ३

खण्ड क

**दिपायल सिलगढी नगरपालिका, डोटी ................टोल विकास संस्थाको विधान २०७९को (नमूना)**

प्रस्तावना :

स्थानीय रुपमा उपलब्ध श्रम, सिप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गरी समुदायस्तरमा भातृत्वभाव सृजना गर्न, स्थानीय सरकारमा सबै बर्ग क्षेत्रको प्रतिनिधित्व गर्न, बिकास योजनामा जनसहभागिता बृद्धि गर्न, सहभागितात्मक योजना तर्जुमा प्रकृयालाई जनमुखि बनाई बिकासको प्रतिफल सबै नागरिक समक्ष पुर्‍याउन तथा नगरको सामाजिक तथा आर्थिक अवस्थालाई सुदृढगरी गरिवी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुर्‍याउन उद्यमी समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरुलाई संस्थागत रुपमा विकास गर्ने वातावरण सिर्जना गर्न दिपायल सिलगढी नगरपालिकाको वडा नं...........गांउं/टोल समाबेश गरी .......... नामक टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान वनाइएको छ ।

परिच्छेद १

१. प्रारम्कि :

संक्षिप्त नाम र प्रारम्भ

(क) यो ......................टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम ............................हुनेछ ।

(ग) यो विधान .....................टोल विकास संस्थाको साधारण सभावाट स्वीकृत भएको मितिदेखि लागु हुने छ । साथै साधारण सभावाट पारित भएको विधान सम्वन्धी वडामा दर्ता गरी कार्यान्वयन गरिनेछ ।

(घ) यस टोल बिकास संस्थाको कार्यालय दिपायल सिलगढी नगरपालिका वडा नं.......................मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना निम्नानुसार रहनेछ ।

पूर्व.............................. पश्चिम ...........................

उत्तर ..............................दक्षिण ...............................

२. परिभाषा :विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस विधानमा :

(क) “संस्था” भन्नाले .......................टोल विकास संस्थालाई सम्झनु पर्छ ।

(ख) “विधान” भन्नाले ................टोल विकास संस्थाको विधान २०७९ लाई सम्झनु पर्छ ।

(ग) “साधारण सभा” भन्नाले संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

(घ) "समिति" भन्नाले टोल विकास संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(ङ) "वैठक" भन्नाले संस्थाको संयूक्त वा छुट्टाछुट्टै वैठक सम्झनु पर्छ ।

(च) "कार्यमुलक/उपभोक्ता समुह" भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समुह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित उपभोक्ता समुहहरुलाई सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले संस्था वा कार्यमुलक उपभोक्ता समुहका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउछ ।

(ज) "उपसमिति" भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उप समितिलाई सम्झनुपर्छ ।

(झ) "वचत" भन्नाले साधारण सदस्यहरुवाट निश्चित अवधिमा संचय गरेको रकमलाई सम्झनु पर्छ ।

(ञ) "वचतकर्ता" भन्नाले संस्थाका वचत गर्ने सदस्यहरुलाई जनाउछ ।

(ट) "ऋण"भन्नाले एकमुष्ट वा किस्तावन्दीका रुपमा फिर्ता बुझाउने गरी निश्चित अवधि, व्याजदर र उद्देश्यका साथ प्रदान गरेको रकमलाई जनाउदछ ।

(ठ) "तोकिए" वा "तोकिए वमोजिम" भन्नाले संस्थाले समय समयमा गरेका निर्णय वमोजिम निर्धारित कार्यविधि वा यस विधान अर्न्गत वनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरुलाई जनाउदछ ।

३. संगठित संस्था हुने :

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप यसै टोल बिकास संस्था अर्न्तगत गठित कार्यमुलक/उपभोक्ता समुहहरुले आ आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन ।

(ख) टोल बिकास संस्थाले व्यक्तिगत चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको वन्दोवस्त गर्न सक्नेछ ।

(ग) टोल बिकास संस्था ले व्यक्ति सरह आ आफ्नो नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ ।

परिच्छेद २

४. संस्थाका उद्देश्यहरु :

संस्थामा आवद्ध सवै प्रकारका सदस्यहरुको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय वमोजिमको उद्देश्य हुनेछ :

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमको संचालनगरी गरिवी न्यूनिकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दीगो र आत्मनिर्भर वनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्‍याउने ।

(घ) स्थानीय स्तरवाट सिकेको अनुभववाट गाउं नगर सम्वन्ध विस्तार तथा शहरी समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य नगरपालिकामा विस्तार गर्न सहयोग गर्ने ।

(ङ) संस्थालाई नगरपालिकाको सवभन्दा तल्लो ईकाइको रुपमा स्थापित गराई सहभागितात्मक नगरपालिका योजना तर्जुमा, अनुगमन तथा मुल्याकन प्रक्रिया सहित बिपद् व्यवस्थापनमा पनि समुदायलाई जिम्मेवार बनाई स्थानीय सरकारसंगको साझेदारीमा जनतालाई सक्रिय सहभागी वनाउने ।

(च) समाजमा रहेका रुढीगत परम्परा बाल बिवाह, घरेलु हिंसा, लैंगिक हिंसा, जातीय बिभेद, छाउपडी प्रथा लगायतका बिकृति बिसंगतीहरु बिरुद्ध जनचेतना जागृत गरी सभ्य समाजको निर्माण गर्ने ।

५. संस्थाका कार्यहरु :

(क) प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पुरुष वा दुवै थरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।

(ख) सदस्यहरुवाट नियमित रुपमा वचत संकलन तथा परिचालन गर्ने ।

(ग) संस्थाका सदस्यहरुलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघसंस्थावाट ऋण लिई उद्यम संचालन गर्नमा पहल गराउने ।

(घ) तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरुको ज्ञान र सिप वृद्धि गराउने कार्यमा सहयोग गर्ने ।

(ङ) टोलमा आईपरेका सदस्याहरु समाधान गर्न एक अर्कामा भाईचारा कायम गरी सभ्य समाजको अवधारण कायम गर्ने ।

(च) पिछडिएका वर्ग तथा समुदायहरुको विकासकालागि सम्वन्धीत क्षेत्र तथा निकायवाट सहयोगका लागि सम्वन्ध विस्तार तथा समन्वय कायम गर्ने ।

(छ) गाउं तथा नगरको अन्तर सम्वन्ध हुने गरी कार्यक्रमहरु तयार गरी आत्मनिर्भरता तर्फ अघि वढ्ने ।

(ज) आफ्नो समस्यालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा श्रोतको समुचित परिचालनकालागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकास सम्वन्धी टोल विकास योजना र उद्यम विकास योजना वनाउने ।

(झ) यसका अलावा गाउं नगरको अन्तरसम्वन्ध वढाउन विभिन्न सिर्जनात्मक कार्यहरु गर्ने जस्तै, ग्रामिण क्षेत्रको उत्पादन शहरमा खपत गारउन/व्यापार गर्न प्रोत्साहन गर्ने । वजारमा माग भए अनुरुपको उत्पादन गर्न प्रोत्साहन गर्ने । ग्रामिण क्षेत्रमा नगरको सेवा सुविधाहरु विस्तार गर्ने सेवामुलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने ।

(ञ) स्थानीयस्तरमा रहेका सार्बजनिक स्थल, प्राकृतिक स्रोत, धर्मसंस्कृति, कला साहित्य, बन, वातावरण आदि जस्ता राम्रा परम्पराहरुको संरक्षण सम्बर्धन गर्ने आफ्ना सदस्य तथा पदाधिकारीहरु परिचालन गर्ने ।

(ट) आफ्नो वडा तथा टोलमा हुने बिकास निर्माण संग सम्बन्धीत कार्यहरुको लागि वडा कार्यालय संग सहकार्य गर्ने, गैरसरकारी संस्थाहरु संग समन्वय गरी बिकास क्रियाकलापहरुमा सहयाग गर्ने गराउने ।

(छ) आफ्नो टोलमा गठित महिला समूह, बाल क्लब, कृषक समूह, उपभोक्ता समिति, आमा समूह, जेष्ठनागरिक समूह, सहकारी संस्था, एकल महिला समूह, सामुदायिक बन समिति लगायत संग समन्वय र सहकार्य गरी बिकास निर्माणमा सहयोग र समन्वय गर्ने ।

परिच्छेद ३

६. सदस्यता :

(क) यस विधानको उद्देश्य वमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोल वासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य वन्न ईच्छुक नयां टोलवासीलाई संस्थाले तोकेवमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

७. सदस्यता नरहने :

(क) सदस्यको मृत्यू भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णय उपर चित्त नवुझेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानि नोक्सानी हुने कार्य गरेमा, तोकिएको समायाबधि भित्र बचत संकलन नगरे नगरायमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यतावाट हटाउने निर्णय गरेमा । तर सम्वन्धीत सदस्यहरुलाई सफाई दिने अवसरवाट वन्चित गरिनेछैन । यस सम्वन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

**परिच्छेद ४**

८. संस्था गठन एवं कार्य संचालन विधि :

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मति निर्णयवाट टोलको क्षेत्र निक्यौल गरेपछि त्यस टोलभित्र वसोवास गर्ने सम्पूर्ण घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) दफा ८ (क) वमोजिम टोल विकास संस्था गठन गर्ने उपस्थित भएकाहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक अध्यक्ष, एक जना उपाध्यक्ष एक जना कोषाध्यक्ष र एक जना सचिव सहित

तीन देखि सात जना सम्म सदस्यहरु रहेको कार्य समितिको चयन हुनेछ तर सर्ब सम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्यसमितिको गठन गर्न बाधा पर्ने छैन र अन्य घरधुरीहरुबाट एक घर एक सदस्यका रुपमा एक, एक जना ब्यक्ति साधारण सदस्य रहनेछन ।

(ग) कार्य समितिको कार्याबधी गठन भएको मितिले २ बर्षको हुनेछ ।

(घ) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही ब्यक्ति सोही पदमा रही कामकाज गर्न सक्नेछैन ।

(ङ) कार्य समितिको अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्ये कुनै दुई पदमा अनिबार्य रुपमा महिला हुनु पर्नेछ ।

(च) कार्य समितिमा कम्तिमा ५० प्रतिशत महिला हुनु पर्नेछ ।

९. संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछन् ।

(क) अध्यक्षको काम, कर्तव्यर अधिकार :

टोल विकास संस्थालाई कसरी प्रभावकारी वनाउने भन्ने सम्वन्धमा संस्थाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ :

१) टोल विकास संस्थाको नियमित वैठक वोलाउने/वैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सवै सदस्यको सहमति लिने ।

२) वैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने ।

३) वैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४) छलफल हुंदा सवैको विचार संलकन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) वैठकमा आवश्यक प्रस्तावहरु पेश गर्न लगाउने ।

६) निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।

७) सचिव र कोषध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

८) विकासको कार्यमा सवैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

१०) आवस्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।

११) अन्य सहयोगी निकायहरुसंग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको वन्दोवस्त गर्ने ।

१२) विशेष वैठकको आवश्यकता परेमा सवै सदस्यहरुको सहमतिमा वैठक वोलाउने ।

१३) विविध प्रकारका समन्वय वैठकमा भाग लिने ।

(ख) उपाध्यक्षको काम कर्तब्य अधिकार

(१) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनि तोकिएका कार्यहरु गर्ने

(२) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने गराउने

(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :

१) अध्यक्षको आदेशानुसार वैठक वोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता गर्ने ।

३) एक तिहाई सदस्यहरुले विशेष वैठकका लागि लिखित माग गरेका विशेष वैठक वोलाउने ।

४) वैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुन: प्रत्येक सदस्यहरुलाई हस्ताक्षर गर्न लगाउने ।

६) वचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।

७) संस्थाका क्रियाकलापका वारेमा सदस्यलाई जानकारी गराउने ।

८) संस्था संचालनमा र अन्य सदस्यहरुलाई आवस्यक सहयोग गर्ने ।

(घ) संस्थाका कोषध्यक्षको काम, कर्तव्य र अधिकार :

१) प्रत्येक वैठकमा सवै सदस्यहवाट वचत संकलन गरी वचतको विवरण पे्श गर्नुपर्ने ।

२) प्रत्येक सदस्यको वचत रकम व्यक्तिगत वचत खातामा चढाउने ।

३) व्यक्तिगत वचत खाता अनुसारको रकम प्रत्येक सदस्यको पासवुकमा चढाई प्रमाणकालागि दस्तखत गर्ने ।

४) संकलित वचत रकम संस्थाको निर्णय अनुसार नजिकको बैंक खातामा जम्मा गरी गराई वैठकवाट प्राप्त भएको पासवुकमा उल्लेख गराउने ।

५) वैठकको निर्णय अनुसार वचतको परिचालन गरी रेकर्ड राख्ने ।

६) निर्णय अनुसार गर्नुपर्ने लगानी गरी असुली समेत गर्ने र लगानी र असुलीको रेकर्ड राख्ने ।

७) सम्पूर्ण सदस्हरुको गत वैठकसम्मको वचत रकम वैकमा रहेको रकम संग भिडाउने । जस्तै ऋण लगानी पश्चात प्राप्त व्याज आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने अम्दानीको विवरण गरी सवै सदस्यहरुका व्यक्तिगत खाता, पासवुक एवं वचत खातामा चढाउनु पर्नेछ ।

९) संस्थाले गरेको काम/कारोवारको लेखापरिक्षण गराउने ।
१०) बैठकमा खाता संचालन गर्दा संयूक्त रुपमा खाता संचालन गर्ने ।

११) अन्य सदस्यहरु संग समन्वय राखी सहयोग लिने, दिने ।

१२) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

१) साझेदारी पत्रमा उल्लेखित सर्त अनुसार गर्नु पर्ने कामहरु गर्ने ।

२) संस्थाको हिसाव किताव वरावर चेक गर्ने ।

३) टोल विकास संस्थाका पदाधिकारीहरुले गरेका कामको मुल्यांकन नियमित रुपमा गर्ने, उनीहरुको काम सन्तोषजनक नभएमा अर्को सदस्यलाई पदाधिकारीमा छनौटको प्रकृयाका लागि बिधानसम्मत गर्ने ।

४) आवस्यकता अनुसार संस्था संचालनकालागि नीति नियमहरु वनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।

५) आवश्यकता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषध्यक्षहरुलाई सघाउने ।

६) वैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

७) नियमित वचत वुझाउने र अरुलाई पनि वुझाउन प्रोत्साहित गर्ने ।

८) आफुले लिएको ऋण समयमा तिर्ने साथै ऋण असुली गर्न सहयो गर्ने ।

९) टोलस्तरीय सरसफाई, बिपद्को बेलामा गर्ने सहयोग, योजना तर्जुमा प्रकृयामा उपस्थिति सहित योजना तर्जुमा तथा बिकास कार्यको संरक्षण तथा दिगो परिचालनमा सहयोग गर्ने ।

१०. संस्थाको वैठक र कार्य प्रणली :

अ) साधारण सभाको गठन :

संस्थाको सम्पूर्ण सदस्यहरु र सल्लाहकार समेत रहेको एक साधारण सभा हुनेछ । साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्षले, उपाध्यक्ष अनुपस्थित भएमा सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ । साधारण सभा संस्थाको सर्बोच्च निकाय हुनेछ ।

११. साधारण सभाको काम, कर्तव्य र अधिकार :

(क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

(ग) संस्थाको गत सालको हिसाव विवरण र त्यस सम्वन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) अन्य सदस्य तथा पदाधिकारीहरुलाई आबस्यकता अनुसार अख्तियारी प्रदान गर्ने ।

(ङ) उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) आबस्यकता अनुसार विधान संशोधन गर्ने ।

(छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।

(ज) आवश्यकता अनुरुप टोल विकास योजना तथा उद्यम विकास योजना वनाउने संस्थालाई अधिकार प्रत्यायोजन गर्ने ।

(झ) वडा कार्यालय संग समन्वय र सहकार्य गर्ने र वडामा बिकासका नीतिहरु बनाउन सल्लाह सुझाव प्रदान गर्ने ।

१२. आर्थिक व्यवस्था :

(क) संस्थाको देहाय वमोजिम आर्थिक श्रोत हुनेछ ।

- सदस्यतावाट प्राप्त शुल्क
- सदस्यहरुवाट गरिने नियमित वचत ।
- नगरपालिका तथा अन्य सरकारी तथा गैर सरकारी संस्थावाट नि:शर्त सहायता/अनुदान ।
- दाताहरुवाट प्राप्त नि:शर्त सहयोग ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
- संस्थाको कोषवाट आर्जित आय ।
- टोल विकास संस्थाले बिभिन्न संघ संस्थासंग ऋण लिई आफ्नो सदस्यहरुलाई ऋण लगानी गरी कमाएको व्याज, सेवा शुल्क र हर्जाना वाफतको रकम ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा आर्थिक कारोवारको लेखा तयार गरी लेखापरीक्षण गराए पश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको कार्यकारी समितिको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएको वमोजिम हुनेछ ।

१३. वचत :

(क) टोल विकास संस्थाका सदस्यहरुले सम्पूर्ण सदस्यहरुवाट नियमित रुपमा वचत संकलन गरी एक टोल विकास संस्थाको वचत खाता खडा गर्नेछन ।

(ख) उक्त संस्थाको वचतको परिचालनकालागि वैठकको निर्णय आवश्यक पर्नेछ ।

(ग) संस्थाको वचत सामान्यतया सदस्यहरुको आर्थिक विकासमा खर्च गर्नु पर्नेछ ।

(घ) यो वचत रकम संस्थाको कार्यक्षेत्रभित्र संस्थाका सदस्यहरुवीच तोकिएको सर्त र व्यवस्था अनुरुप लगानी र असुली हुनेछ ।

(ङ) यो वचत रकम निरन्तर चल्ने र वृद्धि हुदै जानेछ ।

(च) यो वचत रकममा संलग्न सदस्यहरुको दावी रहनेछ ।

(छ) संस्थाको नयां सदस्य वनी संस्थामाप्रवेश हुन चाहेमा संस्थाको निर्णय वमोजिम हुनेछ ।

(ज) यो वचत रकम संचालन कार्यविधि तोकिए वमोजिम हुनेछ ।

(झ) संस्था दर्ता तथा खारेजी वा विघटन भएमा संस्थाको सामुहिक सम्पत्ति नगरपालिकाको हुनेछ । तर व्यक्तिगत वचत रकम तथा यसको आयहरु सदस्यहरुको हिसाव वमोजिम फिर्ता पाउनेछन ।

१४. राजिनामा :

(क) संस्थाका सदस्हरुले आफ्नो पदवाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।

(ख) अध्यक्षको आफ्नो राजिनामा उपाध्यक्ष मार्फत संस्थाको वैठकमा पेश गर्नुपर्नेछ । सो उपर संस्थाले निर्णय गरे वमोजिम हुनेछ ।

१५. अविश्वासको प्रस्ताव :

संस्थाको अध्यक्ष एवं पदाधिकारी उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका २५ प्रतिशत सदस्यहरुको हस्ताक्षर गरी कार्यसमिति समक्ष विशेष साधारणसभाका लागि अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्वात उपर छलफल गरी हुने निर्णयमा वहुमतलाई भन्दा सर्वसम्मलाई वढी जोढ दिइनेछ । तर बिषेश साधारण सभामा पेश भएका प्रस्तावमा सर्ब सम्मति कायम हुन नसकेमा कुल सदस्य संख्याको बहुमत अर्थात ५१ प्रतिशतबाट मात्र निर्णय पारित गर्न सकिनेछ ।

१६. विधानको संशोधन :

यस टोल विकास संस्थाको विधान संशोधन गर्नुपर्ने भएमा कार्यसमितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरुको दुईतिहाई वहुमतले पारित गर्नु पर्नेछ ।

१७. विविध :

(क) यस विधान वमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरु मध्येवाट आर्थिक विकासका लागि उद्यमी समुह र उद्यम तथा आवस्यक परेका वखत खास कार्यकालीग कार्यमुलक र उपभोक्त समुह गठन गर्न सक्छे । उक्त उद्यम/उद्यमी समूको काम, कर्तव्य र अधिकार तोकिएवमोजिम हुनेछ ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारणसभामा निहित रहनेछ ।

(ग) संस्थाले संस्थाको उद्देश्य पूर्तिकालागि विधानको अधिनमा रही नियमावली वनाउन र उपसमिति गठन गर्नु परेमा सो समेत गर्न सक्नेछ ।

(घ) नेपालको प्रचलित ऐन नियमहरुसंग वाझिएका यो बिधानका वुदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछन ।

अनुसूचि ३

**खण्ड ख**

## टोल विकास संस्थाको वचत परिचालन सम्वन्धी नियमावली २०७९ (नमूना)

प्रस्तावना

परस्परको सदभाव र सहयोगमा स्थानीय रुपमा उपलव्ध सिप, श्रोत र साधनका अवसरहरुलाई अधिकतम परिचालन गरी विभन्न उद्यमहरुको सिर्जना गरेर आर्थिक विकास गरी जन जीवनस्तर उकास्न आर्थिक रुपमा सक्षम र स्वावलम्वी वन्ने प्रयासमा अगाडि वढ्न विभिन्न किसिमका शिर्षकमा हुने फजुल खर्च घटाई वचत गर्ने वानीको विकास गर्न स्थानीय स्तरमै वचतको सिर्जना भएको छ । सदस्यहरुले वचत गरेको रकम उचित ठाउमा परिचालन तथा लगानी गरी व्यवस्थित र पारदर्शी हिसाव राख्न वान्छनीय देखिएकोले यो वचत परिचालन नियमावली वनाइएको छ ।

परिच्छेदन १

१. प्रारम्भिक :

१.१. संक्षिप्त नाम र प्रारम्भ

क) यो नियमावली ....................टोल बिकास संस्था वचत परचालन नियमावली हुनेछ ।

ख) यो नियमावली संस्थाले पारित गरेको दिने दिखि लागु हुने छ ।

१. परिभाषा :

विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस नियमावली र यस अन्तर्गत वन्ने उप नियमहरुमा :

क) संस्था : संस्था भन्नाले ................टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

ख) विधान : विधान भन्नाले .........................टोल विकास संस्थाको विधानलाई सम्झानु पर्दछ ।

ग) वचत : वचत भन्नाले संस्थाको विधान वमोजिम संस्थाका सदस्यहरुवाट नियमित संकलित रकमलाई सम्झानु पर्छ । जुन रकम पछि सदस्यहरुलाई फिर्ता दिईन्छ ।

घ) टोल विकास कोष : टोल विकास कोष भन्नाले टोल स्तरमा विकास निर्माणको कार्य संचालनार्थ जम्मा गरिने रकमलाई सम्झनु पर्छ । यसको खर्च संस्थाको क्षेत्रभित्र विकास निर्माणमा मात्र गर्नु पर्छ ।

ङ) नियमावली : नियमावली भन्नाले यस वचत परिचालन नियमावली र संस्थाको विधान वमोजिम गठित कार्यगत समुहहरुको नियमावलीलाई सम्झनु पर्दछ ।

च) सदस्य : सदस्य भन्नाले संस्थाको विधान वमोजिम सदस्यता प्राप्त गर्ने व्यक्तिलई जनाउदछ ।

छ) पदाधिकारी : पदाधिकारी भन्नाले संस्था वा कार्यगत समुहहरुको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवलाई समेत सम्झनु पर्दछ ।

३. कार्यक्षेत्र :

यस नियमावलीको कार्यक्षेत्र वचत तथा आर्थिक परिचालन सम्वन्धी हुनेछ ।

परिच्छेदन २

४. उद्देश्य :

१. वचत गर्ने वानीको विकास गर्ने र वचत गर्न प्रेरित गर्ने ।

२. संस्थाको वचतवाट संस्थाका सदस्यहरुलाई लघु ऋण कार्यक्रम संचालन गर्ने ।

३. स्थानीयस्तरमै आर्थिक रुपमा सक्षम वनाउने प्रयास गरी आर्थिक परनिर्भरता घटाउने ।

४. विभिन्न उद्यमहरु तथा आर्थिक क्रियाकलापको सिर्जना गरी आय वृद्धि गर्ने ।

परिच्छेद ३

५. संस्थाको वचत : संस्थाको विधान वमोजिम सदस्यता प्राप्त सदस्यले साप्ताहिक, पाक्षिक, मासिक अर्धवार्षिक तथा वार्षिक रुपमा जम्मा गरेको नियमित तथा ऐच्छिक गरेको वचत, संस्थाको वचत हुनेछ ।

६. वचत मासिक रुपले नियमित हुनुपर्दछ ।

७. नियमित वचत गर्ने सदस्यले प्रत्येक महिनाको .... गतेभित्र वुझाई सक्नु पर्नेछ ।

८. वचत प्रत्येक महिनाको ........भित्र नवुझाएमा रु...........हर्जाना र जरिवाना सहित अर्को महिनामा वुझाउनुपर्नेछ । अर्को महिनामा पनि नवुझाएमा रु....... का दरले प्रति महिना हर्जाना लाग्नेछ ।

९. विना जानकारी र मनासिव माफिकको कारण नभई लगातार ...........महिनासम्म वचत संकलन नगरे संस्थाको विधान दफा ७(घ) वमोजिम सदस्यता खारेज हुन सक्नेछ ।

१०. वचत रकम लगानी नभई नगद मौज्दात रहन गएमा संस्थाका अध्यक्ष र कोषाध्यक्षको ( आवस्यकता परे सचिव सहितको पनि) संयूक्त हस्ताक्षरमा वैंक खाता खोली जम्मा गर्न सक्नेछ ।

परिच्छेद ४

११. ऋण लागानी असुली प्रक्रिया :

संस्थाको वचतवाट ऋण लगानी गर्दा देहाय वमोजिम गरिनेछ ।

क) यस वचतवाट ऋण लिन चाहने सदस्यहरुले कुन उद्देश्यकालागि कति रकम चाहिएको हो सो कूरा खुलाई संस्थामा लिखित निवेदन दिनु पर्नेछ ।

ख) निवेदनवाट संकलन हुने निवेदन दस्तुर रकम संस्था संचालन प्रयोजनका लागि खर्च हुनेछ ।

घ) निवेदन उपर छानविन गरी प्राथमिकताक्रम निर्धारण गरी उक्त प्राथमिकता क्रमको आधारमा ऋण लगानी गर्नु पर्नेछ ।

ङ) निवदेन उपर छानविन गर्न संस्थावाट ऋण लगानी छानविन समिति वनाउन सकिनेछ ।

च) ऋण असुलीको भाखा १ महिना देखि वढीमा १८ महिना सम्मको हुनेछ ।

छ) ऋण लगानीको प्राथकिता क्रम निर्धारण देहाय वमोजिम रहनेछ ।

१. दैवी प्रकोप

२. आय मुलक कामको लगानी

३. घर व्यवहारमा

४. अन्य ।

ज) ऋण लगानी सम्वन्धीत कुनै विवाद परेमा संस्थाको वैठकको निर्णय अन्तिम हुनेछ ।

झ) ऋण लगानी असुलीको लेखा मुख्य ऋण खाता तथा व्यक्तिगत ऋण खातामा राखिनेछ ।

ञ) ऋण लिएको सदस्यले भाखा अवधिभित्र ऋण चुक्ता नगरेमा ..........प्रतिशतको दरले थप हर्जना जरिवाना लिई ऋण असुली गरिनेछ ।

ट) ऋण लिने व्यक्तिले भाखा अवधि नाघी सकेपछि पनि आलटाल गरेमा एक पटक संस्थाले लिखित जानकरी दिने र त्यसपछि पनि ऋण चुक्ता नगरेमा निजको चल अचल सम्पत्तिवाट अनुल गरिनेछ ।

ठ. ऋण असुली व्याज परिवर्तन गर्नुपरेमा संस्थाको साधारण सभावाट पारित भए वमोजिम हुनेछ ।

१२. टोल विकास कोष : देहाय वमोजिमको रकम टोल विकास कोषमा जम्मा हुनेछ ।

क) विभिन्न संघ संस्थावाट विकास निर्माणको लागि प्राप्त अनुदान रकम ।

ख) व्यक्तिहरुले विकास निर्माणकोलागि दिएको चन्दा पुरस्कार रकम ।

ग) संस्था मार्फत सामुदायिक काम गरी आर्जन गरेको र विकास निर्माणमा खर्च गरिने रकम ।

घ) कार्यक्रम तथा नगरपालिकावाट योजना संचालनको लागि दिएको अनुदान रकम ।

१३. टोल विकास कोषको रकम संस्थाको साधारण सभाले पास गरेको खण्डमा कुनै समाजिक कामकाजको लागि खर्च गर्न सकिनेछ ।

१४. टोल विकास कोषको रकम संस्थाको साधारण सभाले पास गरेका अन्य व्यक्ति वा संघ संस्थालाई निश्चित व्याज दरमा निश्चित समयको लागि ऋण लगानी गर्न सकिनेछ ।

१५. टोल विकास कोषमा कुनै सदस्य संस्थावाट स्वेच्छाले निस्केमा वा संस्थाले कारवाही गरी निष्कासित गरेमा वा जुनसुकै तवरवाट संस्था छाडे पनि दावी रहने छैन । तर संस्था विघटन हुने अवस्था आएर संस्था विघटन भएको खण्डमा विघटन हुंदासम्म संस्थाको सदस्य भई संस्थामा वस्ने सदस्यको दावी रहनेछ ।

१६. दफा १५ मा जुन सुकै कुरा लेखिएको भएतापनि टोल विकास कोष संस्थाले कुनै सामीजक कामको प्रयोग गर्ने निर्णय गरेमा त्यस कोषमा संस्था सदस्य भए पनि दावी रहनेछैन ।

परिच्छेद ५

१७. यस संस्थाको वचतको लेखा प्रणाली लेखाको सामान्य सिद्धान्त अनुसार लेजर फाराम अनुसार राखिनेछ ।

१८. लेखा तथा कारोवारको मुख्य जिम्मेवारी व्यक्ति कोषाध्यक्ष हुनेछ ।

१९. संस्थाको निर्णय विना संस्थाको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव तथा कुनै सदस्यले आफ्नो मनोमानीले आर्थिक कारोवार गर्न पाउने छैन ।

२०. संस्थाको वचतको आम्दानी खर्च प्रतयेक महिनाको मासिक वैठकमा कोषाध्यक्षले पेश गर्नु पर्नेछ ।

२१. लेखापरिक्षण : प्रत्येक आर्थिक वर्षको अन्तमा संस्थाद्वारा नियुक्त लेखापरीक्षकवाट लेखापरीक्षण गराउने र लेखापरीक्षकले दिएको प्रतिवेदन सार्वजनिक गर्ने ।

२२. आर्थिक बर्ष : संस्थाको आथृक वर्ष श्रावण १ गतेबाट.वाट शुरु भई असार मसान्त सम्म हुनेछ ।

२३. नियमावली संशोधन : नियमावलीको संशोधन गर्नुपरे संस्थाको साधारण सभावाट सर्व सम्मतिले पास गरेमा नियमावलीको संशोधन गर्न सकिनेछ ।

२४. वाभिmएको हदसम्म निष्कृय हुने : यस नियमावलीमा लेखिएका कुराहरु संस्थाको विधान र प्रचलित कानुन संग वाभिmएको हदसम्म स्वत: निष्क्रय हुनेछ ।

**आज्ञाले**

**शंकर सुचिकार**

**नि.प्रमुख प्रशासकिय अधिकृत**

**।।। समाप्त ।।।**